प्रदेश सरकार

५ नं. प्रदेश

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, नेपाल

## सहकारी संघ संस्थालाई लेखापरीक्षण तथा मासिक प्रगति विवरण पठाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

सहकारी ऐन, २०७४ को दफा ३८ बमोजिम सहकारी संस्थाहरुको लेखापरीक्षण गर्न साधारण सभाले एकजना लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक तथा अन्य सेवा सुविधा समेत तोक्ने व्यवस्था भएको हुँदा आ.व. २०७४/७५ को लेखापरीक्षण सोही ऐनको दफा ७५ बमोजिम आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र (असोज मसान्तभित्र) गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। लेखापरीक्षक नियुक्ति पश्चात सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५ को दफा ३ को उपदफा (१) बमोजिम अनुसूची–१ मा उल्लेखित ढाँचामा सोको जानकारी ३ दिनभित्र यस मन्त्रालयमा पठाउनु हुन र सोही निर्देशिकाको उपदफा (३) बमोजिमका कागजातहरु समेत संलग्न गर्नहुन जानकारी गराइन्छ। साथै मासिक प्रगति विवरण यस मन्त्रालयको इमेल ठेगाना molmac.butwal@gamil.com वा अन्य माध्यमबाट प्रत्येक महिनाको ७ गतेभित्र अनिवार्य रुपमा पठाउनुहुन र अन्य विस्तृत जानकारीको लागि ०७१–५५००३९ मा सम्पर्क गर्न सकिने छ।